(दफा १८ को उपदफा ६ सँग सम्बन्धित
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित)

# संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि.
# (Sambridhi Education Foundation Pvt. Ltd.)

को

## प्रबन्धपत्र

१. कम्पनीको नाम: यस कम्पनीको नाम संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि.,जसलाई अंग्रेजीमा Sambridhi Education Foundation Pvt. Ltd.भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय :**
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.जि.का.म.न.पा. वडा नं ३० मा रहनेछ । साथै सम्बन्धित निकायको स्वीकृति लिई विभिन्न ठाउँमा शाखा कार्यालय खोल्न र मुख्य कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :-**
यस कम्पनीको कारोवार सेवामूलक हुनेछ ।

४. **कम्पनीको उदेश्य:**

(१) यस कम्पनीको मुख्य उदेश्य देहाय वमोजिम हुनेछ:-

(क) पर्यटन, कृषि, इन्जिनियरिङ्ग, स्वास्थ्य र सूचना प्रविधि क्षेत्रका प्राविधिक तथा व्यवसायिक शिक्षाका विभिन्न तहका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ख) समान उद्देश्य भएका कम्पनीहरुको व्यवस्थापन तथा संचालनको जिम्मा लिई व्यवस्थापन तथा संचालन गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षत्रको पर्यटन, कृषि, इन्जिनियरिङ्ग, स्वास्थ्य र सुचना प्रविधि क्षेत्रका प्राविधिक शिक्षामा भएका अनुभव, अभ्यास, नवीनतम आयामहरुलाई खोज, अनुसन्धान गरी तत् क्षेत्रको दीगो विकासमा सहयोग पुर्‍याउन लेख, रचना, पत्रपत्रिका तथा पुस्तक प्रकाशन गर्ने गराउने ।

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षासँग सम्बन्धित सरकारी तथा निजी कलेज वा शैक्षिक संस्थाहरुसँग मिली वा आफै विभिन्न प्राविधिक तथा व्यवसायमूलक तालीम, सेमिनार, गोष्ठी, सम्मेलन, सभा, अन्तरक्रिया तथा प्रतियोगिताहरु आदि आयोजना गर्नुका साथै परामर्श सेवा प्रदान गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी उच्च स्तरीय आइ.टी. तथा व्यवस्थापन सम्बन्धी कलेज स्थापन गरी कम्प्युटर, सुचना प्रविधि तथा व्यवस्थापन आदि विषय पठन पाठन गराउने र सम्बन्धित विश्वविद्यालयबाट परीक्षा तथा उपाधि (डिग्री) को व्यवस्था गर्ने ।

(च) कम्प्युटर तथा अन्य क्षेत्रमा अनुसंधान गर्ने गराउने, पेटेन्ट दता गराउने, रोयल्टी लिई वा नलिई सो अनुसन्धान अरुलाई प्रयोग गर्न दिने ।

(छ) आवश्यक बुझिएमा वा माग भएमा यस कम्पनीले आवश्यकता अनुसार आई.टि. सम्बन्धी विषयमा परामर्श सेवा दिने ।

Naresh. Sandeep.

(ज) आधारभूत, मध्यमस्तरीय र उच्चस्तरीय कम्प्युटर विज्ञान तथा प्रविधि विषयहरुमा उच्चस्तरीय कलेज स्थापना गरी शिक्षा तथा प्रशिक्षण प्रदान गर्ने ।

(झ) कम्प्युटर सफटवेयर निमार्ण तथा निर्यात गर्ने । कम्प्युटर प्याकेजहरु बनाई स्वदेश तथा विदेशमा विक्री वितरण गर्ने ।

(ञ) कम्प्युटर प्रोग्राम तथा कम्प्युटर इलेक्ट्रोनिक, कम्प्युटर हार्डवेयर, सुचना प्रविधि सम्बन्धमा मर्मत, निर्माण परामर्श, अनुसन्धान, विक्री वितरण समेतको व्यवस्था गरी संचालन गर्ने ।

(ट) सफटवेयर निर्माण तथा सुचना प्रविधि सेवा प्रदान गर्न चाहिने आवश्यक सामाग्री आयात गर्ने ।

(ठ) कम्प्युटर, कम्प्युटर नेटवर्क तथा कम्प्युटर सम्बन्धी शिक्षण तथा प्रशिक्षण सम्बन्धी कार्य गर्ने ।

(ड) विद्यार्थीहरुलाई शिक्षण परामर्श प्रदान गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा शिक्षण संस्थाहरुको विवरण (सुचना) उपलव्ध गराउने ।

(ढ) स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी उच्चस्तरीय इन्जिनियरिङ्ग विषयहर पठन पाठन गराउने र सम्बन्धीत विश्वविद्यालयबाट परीक्षा तथा उपाधी (डिग्री)को व्यवस्था गर्ने ।

(ण) विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी उच्चस्तरीय विज्ञान,मानविकी कलेज स्थापना गरी विभिन्न विज्ञान, मानविकी विषयहरु पठन पाठन गराइने र सम्बन्धीत विश्वविद्यालयबाट परीक्षा तथा उपाधि (डिग्री) को व्यवस्था गर्ने ।

(त) विभिन्न इन्जिनियरिङ्ग विषयमा प्राविधिक एवं बैज्ञानिक अध्ययन अनुसंधान गर्ने गराउने ।

(थ) गुणस्तरीय शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, छलफल, अनुसंधान, तालिम, अध्ययन, गोष्ठी, कार्यक्रमहरु संचालन गर्ने ।

(द) शैक्षिक कार्यक्रमको साथै विद्यार्थीहरुको शारिरीक विकासको लागि आउटडोर गेम्सको व्यवस्था गर्ने ।

(ध) विद्यार्थी तथा शिक्षकहरुको लागि होस्टल तथा यातायातको व्यवस्था गर्ने ।

(न) माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न यस कम्पनीले आफ्नो प्रत्यक्ष नियन्त्रणमा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरी .....माध्यमिक विद्यालय संचालन गर्ने र सम्बन्धीत निकायबाट अनुमति लिई अन्य आवश्यकतानुसार शैक्षिक संस्था तथा प्रशिक्षण केन्द्रहरु खोल्न सक्नेछ ।

(प) कानुन बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका उस्तै प्राविधिक तथा व्यवसायिक शिक्षाका विभिन्न तहका कार्यक्रमहरु संचालन गर्ने गराउने कलेज तथा शैक्षिक संघ संस्थाहरुमा आवद्ध जनाई वा संम्बन्धन लिई वा सहकार्य गरी वा प्रतिनिधि भई कार्य गर्ने गराउने ।

(२) कम्पनीले उपदफा (१) मा उल्लेखित उद्देश्य प्रचलित कानूनबमोजिम सम्बन्धित् निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरी मात्र कार्यन्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यंको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यलयमा पेश गरिनेछ ।

**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:** यस कम्पनीले दफा ३ बमोजिका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ:-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी र आवश्यक उपकरण खरीद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र संचालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थावाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिंवेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) कम्पनीको उद्देश्य पूरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने ।

(१) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशीनरी, भवन लगायतका सबै प्रकारका सम्पत्तिहरु विमा गराउने ।

(२) प्रचलित कानुनको अधिनमा रही कम्पनीको प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा शीपहरु उपलब्ध गराउने, सोको लागि व्यक्ति वा त्यसको शेयर आफूले खरीद गर्ने, एकीकरण गर्ने वा एकीकृत हुने ।

(३) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरुसँग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क रजिष्टर्ड गराउने यसको हक र सुविधा उपलब्ध गराउने र उपयोग गर्ने ।

(४) कम्पनीको तर्फबाट वा विरुद्धमा परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानुनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

(५) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्वसाधारणलाई बढी जानकारी गराउन विभिन्न संचारका साधन तथा पत्रपत्रिकाबाट विज्ञापन सूचना आदि प्रशारण गर्ने, गराउने ।

(६) कम्पनीको हितलाई ध्यानमा राखी कर्मचारी तथा सल्लाहकार भर्ना गर्ने, कारवाही गर्ने, सस्पेण्ड गर्ने, स्पष्टीकरण लिने, राजीनामा स्वीकार गर्ने, सेवाबाट हटाउने आदि जस्ता सम्पूर्ण कार्य गर्ने ।

(७) नेपाल सरकारबाबाट प्राप्त हुने सुविधा तथा सहुलियत प्राप्त गर्ने ।

(८) नेपाल सरकारले कम्पनीसँग सम्बन्धित् कुनै कार्यक्रम संचालन गरेमा समन्वय तथा सहयोग गर्ने ।

(९) कम्पनीको हितको लागि विभिन्न संघ, संस्थान तथा व्यक्तिसँग समन्वय गर्ने तथा सम्वन्ध स्थापना गर्ने ।

६. **कम्पनीको पूँजीको संरचना** : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।

(क) कम्पनीको अधिकृत पूँजी रु. १,००,०००,०० (एक करोड) हुनेछ । सो पूँजीलाई रु. १००।- दरका १,००,००० (एक लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. ५०,००,०००(पचास लाख) हुनेछ ।

(ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु. ५०,००,०००(पचास लाख) हुनेछ ।

७. **कम्पनीको शेयरको किसिमः** कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछ।
(क) कम्पनीका शेयरहरु सबै साधारण शेयरमा मात्र विभाजन गरी जारी गरिएको छ।
(ख) तत्काल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन।
(ग) हाल अन्य कुनै प्रकारको शेयर जारी गरिएको छैन, पछि साधारण शेयर बाहेकका अन्य शेयरहरु जारी गर्नु पर्ने भएकमा साधारण सभाबाट निर्णय गरी कार्यालयबाट स्वीकृति प्राप्त गरी सोही बमोजिम विभिन्न प्रकारका शेयरहरु जारी गर्न र विभिन्न प्रकारका शेयरवालाहरुको अधिकार तथा शर्तका कुराहरु तोकिनेछ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज भएको भए सो कुराः**
(क) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितो बन्धक राख्न संचालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ। स्वीकृति विना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन।
(ख) कम्पनीको शेयर चल सम्पति सरह मानिएको छ। कुनै शेयरवालाको आफ्नो शेयर अरु कुनै पनि व्यक्तिलाई धितो बन्धक विक्री तथा हक हस्तान्तरण गर्नु अघि कम्पनीको संचालक समितिको पूर्व स्वीकृति लिई गर्नुपर्नेछ।

९. **शेयरको रकम भुक्तानीका शर्तहरुः-** शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ।
(क) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयरबापतको रकमआंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।
(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।
(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउन थप म्याद माग गर्ने र कम्पनीले म्याद दिनु जस्ता कुराहरु नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ।

१०. **शेयरधनीको अधिकतम संख्याः** शेयरधनीहरुको अधिकतम संख्या दुई जना देखि पचास जना सम्म रहन सक्नेछ र हाललाई अन्य व्यवस्था यस कम्पनीमा गरिएको छैन।

११. **दायित्व सीमित हुने :** यस कम्पनीका शेयरधनीहरुको दायित्व निजले लिएको वा लिन कबुल गरेको शेयरको अंकित मूल्य सम्म सीमित रहनेछ।
तर शेयरधनीले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानतसम्बन्धी सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागू हुनेछैन।

१२. **अन्य आवश्यक कुराहरुः**
१) कम्पनीको स्थापना गर्दा लागेको खर्च कम्पनीको कोषबाट व्यहोरिनेछ।
२) कम्पनीका संस्थापक वा अन्य व्यक्तिले नगद बाहेक कुनै किसिमबाट शेयर खरिद गर्ने शेयरमा हक पाउन सक्नेछ।
३) कम्पनीले कारोबार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै किसिमसँग कुनै सम्पति प्राप्त गर्ने सम्बन्धमा तत्काल कुनै व्यवस्था नभएको।
४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा यस सम्बन्धमा हाल कुनै व्यवस्था नगरिएको।
५) अन्य आवश्यक कुराहरु साधारण-सभाले कम्पनी ऐन २०६३ र प्रचलित कानूनको अधीनमा रही समय समयमा निर्णय गरेबमोजिम हुनेछ।
६) स्वीकृति लिनुपर्नेमा लिई कम्पनीले आवश्यकतानुसार रजिष्टर्ड कार्यालय, कारोवार गर्ने स्थान स्थानान्तरण गर्न तथा शाखा कार्यालय खोल्न वा बन्द गर्न सक्नेछ।

१३. **कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : त्यस्तो खास उल्लेख गर्नुपर्ने हाललाई केही छैन ।

१४. **प्रवन्धपत्रमा संसोधन भएमा लागू हुने अवस्था** : यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी (साधारणसभा गर्ने कम्पनी भए) वा सर्वसम्मत सम्झौतामा उल्लेख भएबमोजिम निर्णय गरी (साधारणसभा नगर्ने कम्पनी भए ) सो प्रस्ताव कार्यालय अभिलेख भएपछि मात्र प्रवन्धपत्र संसोधन भएको मानिनेछ ।

१५. **प्रबन्धपत्र बाँझिएको हदसम्म अमान्य हुने:** यस प्रवन्धपत्रका दफाहरु कम्पनी ऐन २०६३ र प्रचलित कानुनसँग बाँझिएमा त्यस्ता दफाहरु बाँझिएको हदसम्म स्वत: बदर हुनेछन् ।

१६. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण:-** हामी संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि. कम्पनीका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यस प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिने कवुल गरेको शेयर संख्या र साक्षी सम्बन्धी व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठीक साँचो छ । उल्लेखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सिर्जना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मञ्जुरी छ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानुन बमोजिम हुने दण्ड सजाय समेत भोग्न हाम्रो मञ्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबु/पति को नाम | ना.प्र.नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर ठेगाना र सहिछाप | साक्षीको ना.प्र.नं. |
|---|---|---|---|---|---|
| १ दस्तखत :- <br>नाम :- आसुतोष रिमाल<br>ठेगाना :- का.म.न.पा.३२, काठमाडौं<br>दा. वा. | जितेन्द्र नाथ रिमाल | जि.प्र.का. | ५५५६ | नाम :- जितेन्द्र नाथ रिमाल<br>ठेगाना:- का.म.न.पा.३२, काठमाडौं<br>दस्तखत :-<br>दा. वा. | २७/१७३२/२२७८२<br>जि.प्र.का.<br>काठमाडौं |
| दस्तखत : Naresh.<br>२ नाम :- नरेश प्रसाद श्रेष्ठ<br>ठेगाना :- का.म.न.पा २३, काठमाडौं<br>दा. वा. | नारायण प्रसाद श्रेष्ठ | ५८४२<br>जि.प्र.का.<br>काठमाडौं | ५५५६ | नाम :- श्रृजना श्रेष्ठ<br>ठेगाना : का.म.न.पा १५, काठमाडौं<br>दस्तखत :-<br>दा. वा. | २५३९<br>जि.प्र.का.<br>काठमाडौं |

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत :<br>३. नाम :- डिल्ली प्रसाद शर्मा<br>ठेगाना: पैयुपाटा गाविस वडा नं. ४, बाग्लुङ्ग<br>दा. वा. | प्रतीमान शर्मा | ५६७०<br>जि.प्र.का.<br>बाग्लुङ्ग | ५५५६ | नाम :- बृन्दा शर्मा<br>ठेगाना :-अमलाचौर गाविस वडा नं. ८, बाग्लुङ्ग<br>दस्तखत :-<br>दा. बा. | ६४८२/१३७<br>जि.प्र.का.<br>बाग्लुङ्ग |
| दस्तखत :<br>४. नाम :- रश्मी शर्मा मैनाली<br>ठेगाना :- का.म.न.पा. वडा नं. १०, काठमाडौं<br>दा. वा. | लेखनाथ शर्मा | ७७६८<br>जि.प्र.का.<br>काठमाडौं | ५५५६ | नाम :अम्बर मैनाली<br>ठेगाना:- का.म.न.पा. वडा नं. १०, काठमाडौं<br>दस्तखत :-<br>दा. बा. | ६७७७<br>जि.प्र.का.<br>काठमाडौं |
| दस्तखत :<br>५. नाम :- रुपेन्द्र जोशी<br>ठेगाना :- ललितपुर उप-महानगरपालिका वडा नं. ७, ललितपुर<br>दा. वा. | राम प्रसाद जोशी | ३६२०४<br>जि.प्र.का.<br>काभ्रे | ५५५६ | नाम : नैना बैद्य<br>ठेगाना :-.का.म.न.पा. वडा नं. ३०, काठमाडौं<br>दस्तखत :-<br>दा. बा. | ६७७२<br>जि.प्र.का.<br>काठमाडौं |
| दस्तखत :<br>६. नाम :- रविन हाडा<br>ठेगाना :- भक्तपुर नगरपालिका वडा नं. १७, भक्तपुर<br>दा. वा. | सूर्य प्रसाद हाडा | २५५४<br>जि.प्र.का.<br>भक्तपुर | ५५५५ | नामः जुनु हाडा<br>ठेगाना :- भक्तपुर नगरपालिका वडा नं. १७, भक्तपुर<br>दस्तखत :-<br>दा. बा. | ८४४९<br>जि.प्र.का.<br>भक्तपुर |

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत : <br>७. नाम :- अच्युत अधिकारी <br>ठेगाना :- बागेश्वरी गाविस वडा नं. ५, भक्तपुर <br>दा. वा. | दामोदर अधिकारी | ३४/१३६२ जि.प्र.का. भक्तपुर | ५५५५ | नामः श्रीजना गौतम <br>ठेगाना :- सैवु गाविस वडा नं. ५, ललितपुर <br>दस्तखत :- <br>दा. बा. | १३२७४ जि.प्र.का. ललितपुर |
| दस्तखत : Sandeep <br>८. नाम :- सन्दीप श्रेष्ठ <br>ठेगाना :- धुलिखेल नगरपालिका वडा नं. २, काभ्रे <br>दा. वा. | मनसुभा श्रेष्ठ | १११३३४ जि.प्र.का. काभ्रे | ५५५५ | नामः समुना कार्की <br>ठेगाना :- साँगाचोक गाविस वडा नं. १, सिन्धुपाल्चोक <br>दस्तखत :- <br>दा. बा. | १४१७०५ जि.प्र.का. सिन्धुपाल्चोक |
| दस्तखत : <br>९. नाम :- मनोहर कुमार भट्टराई <br>ठेगाना :- <br>दा. वा. | | जि.प्र.का. | ५५५५ | नामः <br>ठेगाना :- <br>दस्तखत :- निसिप <br>दा. बा. | जि.प्र.का. |

ईति सम्बत् २०६९ साल माघ गते रोज शुभम्........................................।

<u>यो प्रबन्धपत्रको मस्यौदा गर्ने</u>

अधिवक्ता हरिचन्द्र भट्टराई
प्र.प.नं. ६९४३
सम्पर्क नं. ४२६०९१६
हस्ताक्षरः
मितिः २०६९।१०।१६

सहायक रजिष्ट्रार

(दफा १८को उपदफा ६ संग संग सम्वन्धित )
कम्पनी ऐन २०६३ अर्न्तगत संस्थापित

# संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि.
# (Sambridhi Education Foundation Pvt. Ltd.)

को

## नियमावली

### परिच्छेद १
### प्रारम्भिक

१. **कम्पनीको** नाम: यस कम्पनीको नाम संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि. र अंग्रेजीमा (Sambridhi Education Foundation Pvt. Ltd.) हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय:**
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काजिकामनपा वडा नं ३१ मा रहनेछ । साथै सम्बन्धित निकायको स्वीकृति लिई विभिन्न ठाउँमा शाखा कार्यालय खोल्न र मुख्य कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

३. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:
(क) "ऐन" भन्नाले कम्पनी ऐन २०६३ लाई सम्झनुपर्छ ।
(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनुपर्छ ।
(ग) "कम्पनी" भन्नाले संबृद्धि एजुकेशन फाउन्डेसन प्रा.लि. लाई सम्झनुपर्दछ ।
(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक,कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनुपर्छ ।
(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा वा विशेष साधारण सभा सम्झनुपर्छ ।
(च) "प्रबन्धपत्र" भन्नाले यसै कम्पनीको प्रवन्धपत्रलाई जनाउनेछ ।
(छ) "नियमावली" भन्नाले यसै कम्पनीको नियमावलीलाई जनाउनेछ ।
(ज) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनुपर्छ ।
(झ) "पूँजी" भन्नाले यस कम्पनीले जारी गरेको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी समेतलाई सम्झनुपर्छ ।
(ञ) "दर्ता किताव" भन्नाले कम्पनी ऐन, २०६३ को दफा ४६ बमोजिम खडा गरिएको शेयरधनीको दर्ता किताव सम्झनुपर्छ ।
(ट) "कम्पनीको छाप" भन्नाले कम्पनीले प्रयोग गर्ने कम्पनीको छाप सम्झनुपर्छ ।
(ठ) "लेखापरीक्षक" भन्नाले कम्पनीको हिसाबको लेखापरीक्षण गर्नको लागि नियुक्त व्यक्ति तथा निकायलाई सम्झनुपर्छ ।
(ड) "लिक्वीडेटर" भन्नाले कम्पनी खारेजीको प्रकृयामा कम्पनीद्वारा नियुक्त व्यक्ति तथा निकायलाई सम्झनुपर्छ ।

Naresh.

(च) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मलाई जनाउनेछ ।

४. कम्पनीको उद्देश्य: यस कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य सम्बन्धी व्यवस्था:** यस कम्पनीको शेयरको अंकित मूल्य रु. १००/- अक्षरुपी (एक सय मात्र) हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा:** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानुन बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न बर्गमा शेयरहरु जारी भएका भए र त्यस्ता शेयरको बर्ग त्यसमा निहित शेयरधनीको हक तथा बन्देजहरु:**

(१) साधारण शेयरहरु बाहेक अन्यवर्गका शेयर जारी गरिनेछैन ।

(२) कुनै पनि शेयरधनीले लिन कबुल गरेको शेयरको मात्र हक लाग्नेछ । अन्य शेयरको हकमा संचालक समितिको पूर्व स्वीकृतिविना शेयरमा हक लाग्ने छैन ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित बर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने सो कुरा खुलाउने:** शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिनेछ ।

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:** अग्राधिकार शेयर जारी गरिएको छैन ।

१०. **संस्थापकले लिनुपर्ने शेयर:** कम्पनी संस्थापक हुन कम्तीमा १० किता शेयर लिएको हुनुपर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी वयवस्था:** कम्पनीको आवश्यकतानुसार कम्पनीले शेयर वापतको रकम भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. **शेयर विक्रि वा धितोबन्धक सम्बन्धी व्यवस्था:**

१) कम्पनीको कुनै शेयर धनीले संचालक समितिको पूर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको हेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई विक्री वा हस्तान्तरण गर्न वा धितो वन्धक राख्न सक्नेछैन ।

२) आफ्नो नाममा रहेको शेयर विक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयर धनीले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर विक्री गर्न लागेको भए आफूले विक्री गर्न चाहेको शेयरको मूल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम,ठेगाना,धितोवापत लिएको ऋण, धितो फुक्का हुने प्रस्तावित मिति समेत खुलाउनुपर्नेछ ।

३) कुनै शेयरधनीले उपनियम (२) बमोजिम शेयर विक्री गर्नको निमित्त जानकारी गराउनमा संचालक समितिले सो जानकारी पाएको सात दिन भित्र अन्य शेयरधनीलाई लिखित रुपमा जनकारी दिनुपर्नेछ ।

४) कुनै शयरधनीले यसरी विक्री हुन लागेको शेयर खरिद गर्न चाहेमा उपनियम(३) बमोजिम जानकारी पाएको ३५ दिन भित्र सो कुराको जनकारी संचालक समितिलाई दिनुपर्नेछ ।

५) शेयर खरिद गर्न चाहने उपनियम(४) बमोजिम जानकारी दिने शेयरधनीले त्यसरी जनकारी दिएको तीन महिनाभित्र त्यस्तो शेयर खरिद गर्नुपर्नेछ । एक भन्दा बढी शेयरसधनीले शेयर उपनियम(४) वमोजिम जानकारी दिएकोमा सबैभन्दा पहिले जानकारी दिने शेयरधनीले शेयर खरीद गर्न पाउनेछ ।

६) उपनियम(४) वमोजिम पैतिस दिन भित्र कुनै पनि शेयरधनीले शेयर खरिद गर्न चाहेको जानकारी सचालक समितिलाई नदिएमा संचालक समितिले उपनियम(२)वमोजिम जानकारी दिने शेयरधनीलाई सो कम्पनीका शेयरधनी बाहेक अन्य व्यक्तिलाई शेयर विक्री गर्न स्वीकृति दिनेछ र त्यस्तो स्वीकृति एक वर्षसम्म कायम रहनेछ । तर यस उपनियम बमोजिम अन्य व्यक्तिलाई शेयर विक्री गर्दा उपनियम (२०) मा उल्लेखित मूल्य भन्दा कम मूल्यमा शेयरस विक्री गर्न पाउने छैन ।

७) कुनै शेयरधनीले आफ्नो शेयर कम्पनीका शेयरधनी वाहेकका अन्य व्यक्तिलाई धितोबन्धक राख्न उपनियम(२) वमोजिम जानकारी गराएका संचालक समितिले जनकारी पाएको १५ दिन भित्र धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सोको जानकारी शेयरधनीलाई दिनुपर्नेछ । स्वीकृति नदिने भए सोको कारण समेत खुलाउनुपर्नेछ ।

८. यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शेयर विक्री वा हस्तान्तरण वा धितो बन्धक राख्ने सम्बन्धमा सर्वसम्मत सम्झौता लेखिएको कुराको हकमा सोही वमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाणपत्र:** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कम्पनीको अध्यक्षले सही गरी कम्पनीको छाप लगाई जारी गरिनेछ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुरा :** यो साधारणसभा गर्ने कम्पनी भएकोले साधारण सभाबाट प्रस्ताव पारित गरी साधारणसभाको निर्णयबाट ऐन वमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **ऋण वा डिवेन्चर सम्बन्धी व्यवस्था:**

१) कम्पनीले ऋण वा डिबेन्चर उठाउन सक्नेछ ।

२) कम्पनीले जारी गरेको डिबेन्चर शेयरमा परिणत गर्न सकिनेछैन ।

३) उपनियम (२) वमोजिम डिबेन्चर शेयरमा परिवर्तनत गर्न सक्नेछैन ।

४) कम्पनीको डिबेन्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ ।

५) डिबेन्चर हस्तान्तरण र दाखिलखारेजको सम्बन्धमा कुनै शर्त बन्देज: संचालक समितिको पूर्व स्वीकृति लिई हस्तान्तरण र दाखिल खारेज गर्न सकिनेछ ।

६) ऋण वा डिबेन्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१६. **शेयर तथा डिबेन्चर दर्ता कितावको निरीक्षण:** कम्पनीको शेयरवाला तथा डिबेन्चरवालाले शेयर वा डिबेन्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनुपर्नेछ । तर कम्पनीले आफ्नो सूचना पाटीमा पन्ध्र दिन अगाबै सूचना टाँस गरी एक वर्षमा पैतलिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सकनेछ ।

## परिच्छेद ३
## साधारणसभा

१७. **साधारणसभा सम्बन्धी व्यवस्था:**

१) यस कम्पनीले बार्षिक साधारण सभा नियमित रुपमा गर्नेछ ।

२) उपनियम(१) बमोजिम वार्षिक साधारणसभाले गर्नुपर्ने काम कारवाही तथा निर्णय साधारण सभाको अध्यक्षता र शेयर धनीको आपसी निर्णयबाट गरिनेछ ।

३) साधारणसभा गर्ने भए साधारण सभा सम्बन्धी यस नियमावलीको सबै व्यवस्था लागू हुनेछ । साधारण सभा नगर्ने कम्पनीका सम्बन्धमा नियम १८ देखि २७ सम्मको व्यवस्था लागू हुनेछैन ।

१८. **कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था:**

१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् ।
   क) वार्षिक साधारणसभा र
   ख) विशेष साधारणसभा

२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापन भएको मितिले १२ (बाऱ्ह) महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारणसभाहरु आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिनाभित्र गरिनेछ ।

३) यस कम्पनीको वार्षिक साधारणसभा गर्नको लागि संचालक समितिको बहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ,मिति र छलफल गर्ने विषय खोली सबै शेयरवालालाई सुचना दिइनेछ ।

४) उपनियम (३) बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारणसभा नबोलाइएमा वा अध्यक्षले आफ्नो कर्तव्य पालन नगरी सम्पर्क विहीन भएमा वा निज लगातार ६ महिना भन्दा बढी देश बाहिर बसेमा वा निज शारिरिक रुपमा अशक्त भई राधारणसभामा उपस्थित हुन नसकने अवस्था वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक सकितिको कम्तीमा एकाउन्न प्रतिशत संचालक उपस्थित भई उल्लेखित कारण खुलाई साधारणसभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयको सम्बन्धमा शेयरधनीलाई सुचना गरिनेछ । यसरी बस्ने संचालक समितिको बैठक र साधारण सभाको अध्यक्षता शेयरधनीहरुको आपसी निर्णयबाट गरिनेछ ।

५) उपनियम (३) र (४) बमोजिम बोलाइएको साधारणसभामा नियम ६ बमोजिमको गणपुरक संख्या नपुगी सभा हनु नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुन: साधारणसभा बोलाइनेछ ।

६) कम्पनी ऐनको दफा १४९ मा उल्लेखित प्रक्रियाबाट कम्पनीको साधारण सभाको काम कारवाही हुन सक्नेछ ।

७) एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरवालाहरुको मञ्जुर भएमा कम्पनीको साधारणसभा नेपाल राज्य बाहिर पनि गर्न सकिनेछ ।

Rashmi Sharma Naresh Rupesh Bajracharya Sandeep

१९. **साधारणसभाको कार्यविधि:**

१) साधारणसभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित शेयरधनीहरु मध्येबाट छानिएका शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

३) सभा शुरु हुनुअघि सभाको बैधताबारे छलफल गरी गणपुरक संख्या पुगे वा गर्नुपर्नेछ । र गणपूरक संख्या पुगेको पाइएमा सभा विधिवत् संचालन गर्न अध्यक्षले अनुमति दिनेछ ।

४) सभामा छलफल गरिने प्रत्येक विषयक(एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभयाउन्जेल अर्को प्रस्तावमा प्रवेश गरिनेछैन ।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये ७५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावकको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

६) सभामा मत बरावर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

७) जम्मा शेयरपूजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले अनुमति दिएमा बाहेक सभाको सुचनामा उल्लेख नगरिएको अन्य विषय (एजेण्डा) मा छलफल र निर्णय गरिनेछैन ।

८) कुनै विषयमा शेयरधनीहरुको मत संकलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको सभामा कुनै प्रस्ताव पास गर्न सकिने भए सो विषय सम्बन्धी हाल व्यवस्था गरिएको छैन ।

१०) संचार सम्पर्कको माध्यमबाट साधारण सभामा भाग लिन पाउने विषयमा कुनै थप व्यवस्था पर्ने भए सो विषय सम्बन्धी हाल व्यवस्था गरिएको छैन ।

२०. **साधारण सभाबाट पारित गर्नुपर्ने विशेष प्रस्ताव लगायतका प्रस्तावहरु पारित गर्न साधारण सभा नबोलाई शेयरधनीहरुको लिखित प्रस्तावबाट परित हुन सकने भएमा :** साधारणसभा बोलाई विशेष प्रस्ताव पारित गरिनेछ ।

२१. **साधारण सभामा पेश गर्ने अन्य विषय:**

१) संचालक समितिको प्रतिवेदन भए उक्त प्रतिवेदन।

२) लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वासलात ।

३) संचालक समितिको गठन,नियुक्ति सर पारिश्रमिक ।

४) लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक ।

५) शेयरधनीहरुलाई बाँडफाँड गरिने मुनाफा सम्बन्धी विषय ।

६) प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने विषय भए सो कुरा ।

Rashmi Sharma Naresh Rupesh Bajracharya Sandeep

२२. **विशेष प्रस्ताव सम्बन्धमा व्यवस्था:** निम्न विषयमा छलफल तथा निर्णय गर्नको लागि साधारण सभा वा विशेष साधारण सभामा विशेष प्रस्ताव पेश गरी वहुमतको आधारमा निर्णय गरिनेछ ।

१) कम्पनीको अधिकृत पूँजी बढाउने विषय,
२) कम्पनीको शेयर पूँजी घटाउने वा बढाउने विषय,
३) कम्पनीको नाम वा मुख्य उद्देश्य परिवर्तन गर्ने विषय,
४) एउटा कम्पनी अर्को कम्पनीमा गाभिने विषय,
५) बोनस शेयर जारी गर्ने विषय,
६) कम्पनीले आफ्नो शेयर आफैले खरिद गर्ने विषय,
७) डिस्काउण्टमा शेयर विक्री गर्ने विषय,
८) प्राइभेट कम्पनी पब्लिकमा परिणत हुने विषय,
९) कम्पनी ऐनमा विशेष प्रस्ताव गर्नुपर्ने भनिएको अन्य विषय ।

२३. **विशेष साधारण सभा:**

साधारणसभा भइसकेको वा तत्काल साधारण सभा गर्न नसक्ने अवस्थामा कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संसोधन तथा कुनै महत्वपूर्ण कुरामा निर्णय गर्नुपरेमा आवश्कतानुसार विशेष साधारणसभा बोलाउन सकिनेछ । विशेष साधारणसभाको कार्यविधि वार्षिक साधारणसभा सरह हुनेछ र ७५ प्रतिशत शेयरवालाहरुको उपस्थिति र मंजुरी हुन्छ भने विशेष साधारण सभा जहिले पनि बस्न सक्नेछ ।

२४. **गणपूरक संख्या:**

बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ६० प्रतिशत शेयरको प्रतिनिधित्व हनेगरी कुल शेयरधनीहरु मध्ये कम्तीमा २ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि(प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन ।

तर नियम १८ को उपनियम (६) उल्लेख भए वमोजिम पुन: बोलाइएको साधारणसभामा कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा २ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा संचालन गर्न बाधा पर्ने छैन ।

२५: **प्रोक्सी मत सम्बन्धी व्यवस्था**

(१) प्रचलित कानून बमोतिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थिति भएमा त्यस्तो प्रतिनिधि स्वत: रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि मार्फत मतदान गर्न पाउनेछ ।

२६. **मतदान:**

(१) ऐन तथा नियमावलीमा अन्यथा लेखिएको बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएमा शेयरहरु जारी गर्न सकिनेछ र यसरी शेयर जारी गर्दा कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउनुपर्ने हो भन्ने कुरा संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

(३) हाल साधारण सभामा मताधिकार नहुने शेयर जारी भएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइनेछैन ।

(५) शेयरवाला वीच मतक्यता भएमा सर्वसम्मत तवरले र नभएमा बहुमतको आधारमा संञ्चालक नियुक्त गरिनेछ ।

(६) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधीको हैसियतले मतदान गर्न पाउनेछैन ।

**२७. साधारण सभाको निर्णय विवरणको अभिलेख:**

(१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरणको छुटै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारणसभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नुपर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्नेछ ।

## परिच्छेद ४
## संचालक समिति

**२८. संचालक समितिको गठन,संख्या र कार्यकाल:**

(१) यस कम्पनीको संचालक समिति रहनेछ ।

(२) सञ्चालक समिति रहने भएकोले सञ्चालक समितिको निर्णय अनुसार सम्पादन गर्नुपर्ने काम कसले गर्ने सो कुरा खुलाउन नपर्ने ।

(३) सञ्चालक समिति देहाय बमोजिम हुनेछ :-

(क) यस कम्पनीमा ९ जनाको सञ्चालक समिति हुनेछ ।

(ख) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ती जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्ती भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको

Rashmi Sharma Naresh. [signatures]

कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकका पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) यस कम्पनीको प्रथम वार्षिक साधारणसभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम संचालक समिति रहनेछ :

| | |
|---|---|
| (क) नरेश प्रसाद श्रेष्ठ | अध्यक्ष |
| (ख) अशुतोष रिमाल | संचालक |
| (ग) डिल्ली प्रसाद शर्मा | संचालक |
| (घ) रश्मी शर्मा मैनाली | संचालक |
| (ङ) रुपेन्द्र जोशी | संचालक |
| (च) रविन हाडा | संचालक |
| (छ) अच्युत अधिकारी | संचालक |
| (ज) सन्दीप श्रेष्ठ | संचालक |
| (झ) मनोहर कुमार भट्टराई | संचालक |

२९. **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या :** यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्पनीको १०० थान शेयर लिएको व्यक्ति हुनुपर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठीत संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुनेछैन ।

३०. **शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यावसायिक व्यक्तिलार्य सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्ध व्यवस्था उल्लेख गर्ने** : हाल यस कम्पनीमा सञ्चालकको रुपमा शेयरधनीबाहेक अन्य व्यक्तिलाई नियुत्क्ती गर्ने व्यवस्था गरिएको छैन ।

३१. **संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने** : कम्पनीमा पुनः सञ्चालक हुनको लागि कम्पनी ऐन २०६३ को दफा ८९ बमोजिम अयोग्य नभएको र नियम २९ मा उल्लेखित शेयर संख्या आफ्नो नाममा लिएको व्यक्ति पुनः संचालक हुन सक्नेछ ।

३२. **संचालक नियुक्ति सम्वन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउनेः** कुनै समूह, किसिम वा वर्गका शेयरधनीलाई सञ्चालक समितिमा प्रतिनिधित्व हुनेगरी कुनै प्रकारको विशेष व्यवस्था गरिएको छैन ।

३३. **संचालकको पारिश्रमिक,भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**

(१) सञ्चालकको पारिश्रमिक,बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

Rashmi Sharma Naresh. [signatures]

# समृद्धि कलेजको संशोधित विधान, २०७६

**प्रस्तावनाः**

नेपालमा दक्ष व्यवस्थापकीय तथा प्राविधिक जनशक्तिको अभाव तथा व्यवस्थापन, सामाजिक सेवा तथा सूचना प्रविधि प्रतिको बढ्दो जन अभिरुचिलाई दृष्टिगत गरी स्तरयुक्त व्यवस्थापन, सामाजिक सेवा, सूचना प्रविधि तथा अन्य विविध विषयको कलेजको स्थापनार्थ गठित समितिको निरन्तरको प्रयास अनुरुप त्रिभुवन विश्वविद्यालयमा मिति २०६९-१२-५ मा दिइएको दरखास्त अनुरुप समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि. अन्तर्गतको संस्थागत क्याम्पस समृद्धि कलेज सुव्यवस्थित तवरले संचालन तथा व्यवस्थापन सम्बन्धि आन्तरिक प्रक्रिया र आधारहरू निर्धारण गर्न, कलेज सम्बन्धी सबै क्षेत्रको सीमांकन गर्न तथा कलेज र कलेज परिवारको कार्यक्षेत्र निर्धारण गर्न निजी तवरबाट **समृद्धि कलेजको संशोधित विधान, २०७६** बनाइएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.१. सक्षिप्त नाम र प्रारम्भ**

(क) यस विधानको नाम **समृद्धि कलेजको संशोधित विधान, २०७६** रहनेछ छ ।

(ख) यो विधान त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएको मिति देखि लागू हुनेछ ।

**१.२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) 'कलेज' भन्नाले समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि. अन्तर्गतको समृद्धि कलेजलाई सम्झनुपर्छ ।

(ख) 'विधान' भन्नाले समृद्धि कलेजको संशोधित विधान, २०७६ लाई सम्झनुपर्छ ।

(ग) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनुपर्छ ।

(घ) 'मूल स्थापना समिति' भन्नाले यस समृद्धि कलेज स्थापनाको लागि त्रि.बि.बि.मा पछिल्लो पटक प्रस्ताव दिँदाका देहायका व्यक्तिहरू रहेको समितिलाई सम्झनुपर्छ ।

१) मनोहर भट्टराई

२) नरेश प्रसाद श्रेष्ठ

३) सन्दीप श्रेष्ठ

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

४) रविन हाडा

५) अरुण रिमाल

६) डिल्ली प्रसाद शर्मा

७) रश्मी मैनाली

८) अच्युत अधिकारी

९) आशुतोष रिमाल

(ङ) ‘सम्बन्धन’ भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को परिच्छेद ८८ अर्न्तगत यस कलेजले प्राप्त सम्बन्धनलाई सम्झनुपर्छ ।

(च) ‘क्याम्पस सभा’ भन्नाले समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि.को शेयर होल्डरहरुको सभालाई जनाउने छ ।

(छ) ‘संचालक समिति’ भन्नले यस विधानको दफा ३.२ बमोजिम गठित संचालक समितिलाई सम्झनुपर्छ ।

(ज) ‘अध्यक्ष भन्नाले यस विधानको दफा ३.२ (छ) बमोजिम निर्वाचित अध्यक्षलाई सम्झनु पर्छ ।

(झ) ‘उपाध्यक्ष’ भन्नाले यस विधानको दफा ३.२(छ) बमोजिम निर्वाचित उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) ‘सचिव’ भन्नाले यस विधानको दफा ३.२ (ज) बमोजिम नियुक्त सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ट) ‘संचालक’ भन्नाले विश्वविद्यालयमा सम्बन्धन प्राप्त गर्न प्रस्तूत गरिएको प्रस्तावमा उल्लेख भएका कलेज मूल स्थापना समितिका सदस्यहरूलाई सम्झनु पर्छ ।

(ठ) ‘प्रिन्सिपल’ भन्नाले दफा ५.३ बमोजिम नियुक्त कलेजको कार्यकारी प्रिन्सिपललाई सम्झनु पर्छ ।

(ड) ‘प्रतिवेदन’ भन्नाले कलेजको वार्षिक प्रतिवेदन तथा संचालक समितिबाट निर्देशन भए अनुसार पटक पटक बन्ने प्रतिवेदनहरू समेतलाई सम्झनुपर्छ ।

(ढ) ‘बैठक’ भन्नाले कलेजको संचालक समितिको बैठकलाई सम्झनुपर्छ । यस शब्दले विभागीय समितिको बैठकलाई सम्झनुपर्छ । यस शब्दले विभागीय समितिको बैठक र पदाधिकारीहरूको बैठक समेतलाई जनाउँछ ।

SAMRIDDHI COLLEGE [TU Affiliated]
Samriddhi
Estd. 2013 AD
Lokanthali-16, Bhaktapur

(ण) 'कर्मचारी' भन्नाले कलेजको प्रशासन, लेखा, जिन्सी र पुस्तकालय तथा सुरक्षामा कार्यरत जुनसुकै पदका कर्मचारीहरूलाई सम्झनुपर्दछ ।

## १.३ कलेजको छाप र स्थापना

(क) यस कलेजले विश्वविद्यालयबाट स्वीकृति पाएको मिति देखि समृद्धि कलेजको स्थापना भएको मानिनेछ ।

(ख) यो कलेज एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ । यसले व्यक्ति सरह चल-अचल सम्पति प्राप्त गर्न, उपभोग र बेच बिखन गर्न, कलेजको हितको लागि आवश्यक परेमा चल अचल सम्पति धितो, बन्धक दिने वा अन्य प्रयोगमा ल्याउने, नालिस उजूर गर्ने र अन्य काम कर्तव्य र अधिकारको प्रयोग गर्न सक्नेछ ।

(ग) कलेजको आफ्नो छाप र सांकेतिक चिन्ह संचालक समितिले तोके बमोजिम हुनेछ ।

## १.४ कलेजको कार्यालय र ठेगाना

समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि. नेपाल सरकारमा कम्पनी रेजिस्त्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता भई त्यसै अन्तर्गतको समृद्धि कलेज मध्यपुर ठिमी नगरपालिका वडा न १ लोकन्थलीभक्तपुरमा रहनेछ । यसका शाखाहरू समितिले निर्णय गरे अनुसार कानुन बमोजिम विभिन स्थानमा खोल्न सकिनेछ । समितिले निर्णय गरी कलेजको ठेगाना परिवर्तन गर्न सक्नेछ ।

# परिच्छेद - २

# कलेजको उद्देश्य

## २.१. कलेजका मूल उद्देश्यहरू निम्न बमोजिम हुनेछन् ।

(क) नेपालमा उच्च गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा विविध शिक्षा प्रदान गर्ने ।

(ख) प्राविधिक, व्यावसायिक तथा विविध शिक्षा सम्बन्धी तालिमहरू प्रदान गर्ने ।

(ग) स्वदेशी विदेशी छात्र छात्राहरूलाई कलेजको डिग्री अथवा तालिम कार्यक्रमहरूमा सरीक गराउने ।

(घ) उच्च व्यवस्थापन, सूचना प्रविधि तथा विविध शिक्षाको विस्तारको लागि पहल गर्ने ।

(ङ) विभिन्न सरकारी गैर सरकारी संघ संस्थाहरू र व्यक्तिहरूलाई परामर्श सेवा (Consultancy Service) उपलब्ध गराउने ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

(च) देशको लागि आवश्यक व्यवस्थापन, सूचना प्रविधि तथा विविध विषयको विकास गर्न प्रयत्नशील रहने ।

(छ) जेहन्दार छात्र छात्राहरूलाई कलेजबाट संचालित शोधकार्यमा सरिक गराउने ।

(ज) प्राविधिक तथा व्यवसायिक पेशालाई जागीरमुखी प्रवृत्तिबाट उत्पादनमुखी दिशामा लैजान प्रयास गर्ने ।

**२.२. उपर्युक्त उद्देश्यहरू प्राप्त गर्नको लागि कलेजले अन्य कामको अतिरिक्त निम्न कार्यहरू गर्न सक्नेछ ।**

(क) कलेजको लागि जग्गा जमिन वा सम्पत्ति आदि प्राप्त गर्ने, भोग चलन गर्ने र बेच विखन गर्ने,

(ख) कलेजको सम्पति धितो बन्धक राखी ऋण लिने, दिने ।

(ग) कलेजको उन्नतिको लागि निर्माण कार्यहरू गर्ने गराउने ।

(घ) व्यवस्थापन, सूचना प्रविधि तथा विविध विषयका साथै अन्य प्रविधि सम्बन्धी तालिम प्रदान गर्न आवश्यक जनशक्ति साथै सामग्री जुटाउने ।

(ङ) देश विकासको लागि आवश्यक दक्ष तथा अर्ध दक्ष जनशक्तिको मागको लेखाजोखा गर्ने ।

(च) दक्ष तथा अर्धदक्ष जनशक्ति उत्पादन गर्न नेपाल सरकारसंग आवश्यक समन्वय कायम गर्ने ।

(छ) विद्यार्थीहरूलाई गुणात्मक र अत्याधुनिक प्रविधिको प्रयोगबाट शिक्षा प्रदान गर्न आवश्यक शैक्षिक सामग्रीहरू जुटाउनुको साथै शिक्षण पेशामा संलग्न व्यक्तिहरूलाई आवश्यक र समय सापेक्ष तालिम तथा अन्य अध्ययनको अवसर प्रदान गर्ने ।

(ज) गरिब तथा जेहन्दार विद्यार्थीहरूलाई ५०% मा नबढाई छात्रवृत्ति प्रदान गर्ने ।

२.३. बदलिदो विश्व परिस्थितिलाई दृष्टिगत गरी नेपाल सरकारले बेला बेलामा अवलम्बन गर्ने खुला बजार अर्थतन्त्र तथा निजीकरणका सिद्धान्त अनुसार यस कलेजको नियमावलीलाई तदनुरुप संशोधन गरी सञ्चालन गर्न सकिनेछ ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

## परिच्छेद - ३

## क्याम्पस सभाको गठन, स्वरुप, काम कर्तव्य र अधिकार

### ३.१. क्याम्पस सभाको गठन र स्वरुप

समृद्धि कलेजमा सर्वोच्च निकायको रूपमा क्याम्पस सभा रहनेछ । समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि.को शेयर होल्डरहरु नै क्याम्पस सभाका सदस्यहरु रहनेछ । यस क्याम्पस सभामा अध्यक्ष, उपाध्यक्ष र ७ जना सदस्यहरु गरी जम्मा ९ सदस्यहरू रहनेछन् ।

### ३.२. क्याम्पस सभाको बैठक

(क) सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ । तर आवश्यक परेमा सभाको विशेष बैठक बोलाउन सकिनेछ।

(ख) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(ग) सभाको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर गणपूरक संख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) सभाको बैठकको अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

### ३.३. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार

क्याम्पस सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कलेजलाई मार्गदर्शन गर्ने ।

(ख) कलेजको नीति निर्धारण गर्ने ।

(ग) कलेज अन्तर्गतका कुनै निकाय वा पदाधिकारीहरूलाई आवश्यक निर्देशन दिने ।

(घ) कलेजको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने ।

(ङ) कलेज दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(च) कलेज सम्बन्धी नियमहरू पारित गर्ने ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

(छ) आवश्यकता अनुसार विशेष समिति र आयोगको गठन गर्ने ।

(ज) तोकिएबमोजिम अन्य कामहरू गर्ने ।

## परिच्छेद - ४

## कलेजका संचालक समितिको गठन, स्वरुप, काम कर्तव्य र अधिकार

### ४.१. कलेजका संचालक समितिको गठन

(क) कलेजलाई व्यवस्थित ढंगले संचालन गर्न संचालक समितिको गठन गरिनेछ । कलेज संचालक समितिमा देहायका पदाधिकारिहरु रहनेछन् :

| | | |
|---|---|---|
| १) संचालक समितिको अध्यक्ष | (एक जना) | अध्यक्ष |
| २) संचालक समितिको उपाध्यक्ष | (एक जना) | उपाध्यक्ष |
| ३) संचालक समितिले तोकेको व्यक्तिहरु | (सात जना) | सदस्य |
| ४) संम्बन्धन दिने बिश्वविद्यालयबाट मनोनित व्यक्ति (त्रि.बि. प्रतिनिधि) | ( एक जना) | सदस्य |
| ५) प्रिन्सिपल पदेन | (एक जना) | सदस्य सचिव |

(ख) कलेजको संचालन कार्यको नियन्त्रण र निर्देशन गर्ने जिम्मा संचालक समितिको हुनेछ ।

(ग) कलेजका संचालक समितिका अध्यक्ष, उपाध्यक्ष र अन्य सदस्यहरूको मनोनयन समृद्धि एजुकेशन फाउण्डेशन प्रा.लि.को साधारण सभाको बहुमतबाट चयन हुनेछ । कलेजको प्रिन्सिपल संचालक समितिको पदेन सदस्य सचिव हुनेछन् । त्रिभुवन बिश्वविद्यालय बाट मनोनित व्यक्ति (त्रि.बि. प्रतिनिधि) पनि यस समितिका सदस्य हुनेछन् । कलेजका संचालक समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) अध्यक्षलाई चाहिने योग्यता देहाय बमोजिम हुनेछ ।

१) बालिग हुनुपर्ने ।

२) कुनै नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतको अन्तिम फैसलाबाट दोषी नठहरिएको हुनुपर्ने ।

३) सेवा प्रेमी हुनुपर्ने ।

४) समग्र शिक्षा विकास सम्बन्धमा विशेष अभिरुची भएको हुनुपर्ने ।

५) क्याम्पस सभाबाट नियुक्त हुनुपर्ने ।

(ङ) देहायको अवस्थामा अध्यक्ष पदमा वहाल रहनेछैन ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

१)	दफा ३.१ (घ) मा लेखिए बमोजिमको योग्यता नभएमा ।

२)	अध्यक्षले आफ्नो पदबाट दिएको राजिनामा संचालक समितिले स्वीकृत गरेमा ।

३)	कलेजको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

४)	मृत्यु भएमा ।

५)	मनासिव माफिकको कारण विना लगातार तीन पटक भन्दा बढी सञ्चालक समितिको बैठकमा अनुपस्थित भएमा ।

६)	सञ्चालक समितिको सम्पूर्ण सदस्य संख्याको बहुमतको निर्णयबाट हटाएमा ।

(च) अध्यक्षको पदावधि ३ वर्षको हुनेछ ।

(छ) अध्यक्षको काम, कर्तव्य र अधिकार संचालक समितिले तोकेबमोजिम हुनेछ ।

**४.२.	कलेज संचालक समितिको स्वरुप**

(क)	कलेजको संचालक समितिमा अध्यक्ष, उपाध्यक्ष, ७ जना सदस्यहरु र त्रि.वि.वि. प्रतिनिधी गरी जम्मा ११ सदस्यहरू रहनेछन् ।

१)	कलेजको प्रिन्सिपल संचालक समितिको पदेन सदस्य सचिव हुनेछन् ।

(ख)	कलेज व्यवस्थापन संचालन तथा नीति निर्णय लगायत अन्य आवश्यक सम्पूर्ण कुराको व्यवस्था मिलाउन आवश्यक पर्ने अन्तिम जिम्मेवारी संचालक समितिमा निहीत रहनेछ ।

(ग)	मूल स्थापना समितिको कुनै सदस्यहरूले आफ्नो सट्टामा ३ पुस्ता बाहिरको व्यक्तिलाई ईच्छाउन चाहेमा मूल स्थापना समितिका अन्य सदस्यहरूको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(घ)	संचालक समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(ङ)	संचालक समितिको सदस्य हुन चाहिने योग्यता देहाय बमोजिम हुनेछ ।

१)	बालिग हुनुपर्ने ।

२)	कुनै नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतको अन्तिम फैसलाबाट दोषी नठहरिएको हुनुपर्ने ।

३)	सेवा प्रेमी हुनुपर्ने ।

४)	समग्र शिक्षा विकास सम्बन्धमा विशेष अभिरुची भएको हुनुपर्ने ।

(च)	देहायको अवस्थामा कुनै व्यक्ति संचालक पदमा वहाल रहनेछैन ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

१)  दफा ३.२ मा लेखिए बमोजिमको योग्यता नभएमा ।

२)  संचालकले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

३)  कलेजको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

४)  मृत्यु भएमा ।

५)  मनासिव माफिकको कारण विना लगातार तीन पटक भन्दा बढी सञ्चालक समितिको बैठकमा अनुपस्थित भएमा ।

६)  सञ्चालक समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाईको निर्णयबाट हटाएमा ।

(छ) संचालकहरूले नियुक्त गरेको प्रिन्सिपललाई सदस्य सचिव तोकिनेछ । निजको काम, कर्तव्य र अधिकार दफा ५.६ बमोजिम हुनेछ ।

**४.३. संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

(क) "त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०" को परिच्छेद ५ को नियम २१ मा उल्लेखित काम गर्नु ।

(ख) कलेजको व्यवस्थापन गर्नु ।

(ग) कलेजको नीति तर्जुमा गर्नु ।

(घ) वार्षिक आय दुरुस्त राख्न लगाउनु ।

(ङ) वार्षिक आम्दानी खर्च तयार गर्न लगाई वार्षिक बजेट पास गर्नु ।

(च) कलेजको वार्षिक खर्चको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराई पारित गर्नु ।

(छ) स्थायी भवन आदिको बन्दोबस्त गर्नु ।

(ज) अध्यक्ष निर्वाचित गर्नु तथा प्रिन्सिपलको नियुक्ति गर्नु

(झ) अध्यक्ष र प्रिन्सिपलबाट सम्बन्धित क्षेत्रको प्रगतिको बारेमा जानकारी लिनु ।

(ञ) विद्यार्थी भर्ना गर्ने सम्बन्धमा नीति तय गर्नु ।

(ट) शुल्कको निर्धारण गर्नु ।

(ठ) नेपाल सरकार, विश्वविद्यालय तथा अन्य शैक्षिक प्रतिष्ठानहरुसँग समन्वय राख्नु ।

(ड) कलेजको विकासका लागि आवश्यक समितिहरू, शिक्षक, कर्मचारी भर्नाको लागि छनौट समिति र आवश्यकता अनुसार अन्य उपसमितिहरू गठन गर्नु ।

(ढ) विभिन्न किसिमका सेवा उपलब्ध गराई आय आर्जन गर्नु ।

## ४.४. बैठक सम्बन्धी कार्य विधि

(क) मूल स्थापना समितिका सदस्यहरूको दुई तिहाई मतबाट निर्णय भएमा संचालक समितिका सदस्यहरूको संख्या थप्न सकिनेछ । संचालक समितिको नयाँ सदस्यको नियुक्ति संचालक सदस्यहरूको बहुमतको निर्णयले गरिनेछ ।

## ४.५. संचालक समितिको बैठक र संचालन विधिः

(क) संचालक समितिको बैठक सामान्यतया वर्षमा २ पटक अनिवार्य रुपमा बस्नेछ र आवश्यकता अनुसार सो भन्दा बढी पटक पनि बस्न सक्नेछ तर २ बैठकको बीचको अन्तर ६ महिना भन्दा बढी हुनेछैन ।

(ख) संचालक समितिको अध्यक्षता अध्यक्षले गर्नेछन्, अध्यक्षको अनुपस्थिति भएका बखत उपाध्यक्षले गर्नेछन्, अध्यक्ष, उपाध्यक्ष दुवै अनुपस्थित भएमा सदस्यहरूमध्येबाट सबै भन्दा जेष्ठ सदस्यले गर्नेछन् ।

(ग) संचालक समितिबाट हुने निर्णय सामान्यतः सर्व सम्मतिबाट गरिनेछ । मतैक्य हुन नसकी मत विभाजन हुन गएको खण्डमा बहमतबाट निर्णय गरिनेछ ।

(घ) उप-दफा (ग) अनुसार मतदान हुँदा कलेजलाई दिइएको अनुदानको आधारमा मताधिकारको गणना हुनेछ । कम्तीमा रू. १,००,०००।- (एक लाख) भन्दा बढी अनुदान दिने संचालकहरूलाई प्रत्येक थप एक लाख रूपैया अनुदान वापत एक थप मत दिने अधिकार हुनेछ ।

## ४.६. संचालक समितिको बैठकमा पेश हुने प्रस्ताव र निर्णय गर्ने विधि

(क) संचालक समितिमा छलफल गरिने प्रस्ताव समितिको बैठकमा अध्यक्षद्वारा प्रस्तुत गरिनेछ ।

(ख) अध्यक्षले पेश गरेको प्रस्ताव समितिमा छलफल भई सोही रुपमा वा संशोधन सहित पारित भएका प्रसतावहरू तथा निर्णयमा पुगेका विषयहरू माइनुटिङ्ग गरी प्रमाणित अभिलेख तयार पार्ने काम सदस्य सचिवले गर्नेछन् ।

(ग) अन्य सदस्यहरूले प्रस्ताव पेश गर्न चाहेमा कमसेकम एकजना प्रस्तावक र एकजना समर्थक मिलेर प्रस्ताव ल्याउन सकिनेछ ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

४.७ अध्यक्ष बाहेक अन्य सदस्यहरूले संचालक समितिको बैठकमा प्रस्ताव राख्न चाहेमा लिखित रुपमा एक दिन अगाडी अध्यक्षको कार्यालयमा पेश गर्नुपर्नेछ । त्यस्तो प्रस्तावमा पनि संचालक समितिले छलफल गर्नु पर्नेछ । अध्यक्ष बाहेक अन्य सदस्यले राखेको प्रस्ताव पनि पारित भएमा अध्यक्षले राखेको प्रस्ताव सरह नै मानिनेछ ।

**४.८ संचालक समितिमा मुख्यतया देहायका प्रस्तावहरू रहनेछन्**

(क) कलेजको विकासको लागि प्रस्तुत गरिने, ऐन नियमको परिधिमा रहेको जुनसुकै विषय ।

(ख) कलेजको पाठ्यक्रम आदि विषय ।

(ग) कलेजको विद्यार्थीसँग असुल गर्ने शुल्क आदि विषय ।

(घ) कलेजलाई आवश्यक पर्ने शैक्षिक, भौतिक सम्पति आर्जन गर्ने, बेचविखन गर्ने ।

(ङ) अर्न्तराष्ट्रिय स्तरमा कलेजको सम्बन्ध विकास गर्ने ।

(च) शैक्षिक र आन्तरिक प्रशासन सुव्यवस्थित गर्ने विषय ।

(छ) अध्यक्षको निर्वाचन गर्ने विषय ।

(ज) प्रिन्सिपल, सहायक प्रिन्सिपलहरूको नियुक्ति गर्ने विषय ।

(झ) शिक्षक तथा कर्मचारी छनौट गर्ने समितिको संरचना वा हेरफेर गर्ने विषय ।

(ञ) अन्य भैपरी आउने जुनसुकै विषय ।

४.९ माथि जुनसुकै कुरा लेखिएको भएतापनि कलेज स्थापना भई संचालन भएको एक वर्षसम्म मूल स्थापना समितिले नै संचालक समितिको कार्य गर्नेछ र अर्को संचालक समितिले कलेजको सम्पूर्ण कार्य गर्नेछ ।

**४.१० संचालक समितिको गणपुरक संख्याः**

तत्काल बहाल रहेका संचालकहरू मध्ये ५० प्रतिशत संचालक उपस्थित भएमा संचालक समितिको बैठकको गणपुरक संख्या मानिनेछ ।

**परिच्छेद - ५**

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

## मूल स्थापना समितिको विशेषाधिकार

**५.१.** मूल स्थापना समितिमा प्रत्येक सदस्यले कलेजमा सञ्चालन भएको कार्यक्रममा भर्नाको लागि प्रत्येक वर्ष एकजना विद्यार्थी मनोनित पठाउन सक्नेछन् ।

**५.२.** यसरी मनोनित गरिने विद्यार्थीले विश्वविद्यालयबाट निर्धारण गरेको न्यूनतम् योग्या पूरा गरेको हुनुपर्नेछ ।

**५.३.** मूल स्थापना समितिका सदस्यहरू नरहेमा निजका उत्तराधिकारीहरूद्वारा मनोनयन हुनेछ ।

## परिच्छेद - ६

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### ६.१. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) कलेजको कार्यकारी प्रमुख भई कार्य गर्नु र प्रशासकको अभिभारा सम्हाल्नु

(ख) संचालक समितिको बैठकको अध्यक्षता गर्नु ।

(ग) आवश्यकता बमोजिम संचालक समितिको बैठक बोलाउनु ।

(घ) संचालक समितिको बैठकमा छलफल हुने विषय र प्रस्ताव तयार गरी वा गर्न लगाई समितिमा पेश गर्ने ।

(ङ) कलेजको गतिविधिमा निगरानी राख्नु ।

(च) संचालक समितिको प्रमुख भई नेतृत्व गर्नु ।

(छ) संचालक समितिको निर्णय कार्यान्वयन गराउनु ।

(ज) कलेजको विकासको लागि योजनाहरू तयार पार्नु ।

(झ) कलेजको आवश्यक वस्तुहरू स्वदेश वा विदेशबाट किन्नु वा प्राप्त गर्नु ।

(ञ) कलेजको लागि आवश्यक आर्थिक प्रशासन संचालन गर्नु ।

(ट) स्थायी, अस्थायी सम्पति किन्नु वा प्राप्त गर्नु ।

(ठ) कलेजको नाममा प्राप्त हुने सहयोग चन्दा, दान, अनुदान स्वीकार वा प्राप्त गर्नु ।

(ड) कलेज संचालनको लागि आवश्यक औजार तथा उपकरणहरू किन्नु वा प्राप्त गर्नु ।

(ढ) खर्च भएको रकमको हिसाब दुरुस्त राख्न लगाउनु, आन्तरिक लेखा परीक्षण गराउनु ।

(ण) कलेजको सम्पत्तिको नियन्त्रण र सुरक्षा गर्नु ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

(त) कलेजको सुरक्षा व्यवस्था कायम गर्नु ।

(थ) कलेजमा आवश्यक कर्मचारी रिक्त हुन गएको बखत कर्मचारी नियुक्तिको लागि सिफारिस गर्नु र कार्य सञ्चालनार्थ अस्थायी कर्मचारी नियुक्त गर्नु ।

(द) कलेजको बारेमा पनि आउने अन्य सम्पूर्ण काम कारवाही गर्नु ।

(ध) आवश्यक परेमा अध्यक्षले आफ्नो अधिकार प्रत्यायोजित गर्न सक्नेछन् ।

**६.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउनु

(ख) संचालक समितिको बैठकमा अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नु ।

(ग) अध्यक्षले तोकेको अन्य कार्यहरू गर्नु ।

**६.३. संचालक समितिका सदस्य सचिवको नियुक्ति**

(क) क्याम्पसको प्रिन्सिपल संचालक समितिको सदस्य सचिव हुनेछन् ।

(ख) संचालक समितिले कलेज शैक्षिक प्रशासनको प्रमुख भई कार्य गर्ने गरी प्रिन्सिपलको नियुक्ति गर्नेछ ।

(ग) प्रिन्सिपल अध्यक्ष तथा संचालक समिति प्रति उत्तरदायी हुनेछन् ।

**६.४. संचालक समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

(क) संचालक समितिको दैनिक कार्य सम्पादनको लागि पूर्ण रुपमा जिम्मेवार हुनु ।

(ख) संचालक समितिको बैठकको माईन्युट (निर्णय) राख्नु ।

(ग) संचालक समितिको अध्यक्षले तोकेका अन्य कार्यहरू गर्नु ।

**६.५. प्रिन्सिपलको पदावधि**

प्रिन्सिपलको पदावधि ४ वर्षको हुनेछ ।

**६.६. प्रिन्सिपलको काम, कर्तव्य र अधिकार**

(क) सुचारु रुपले कलेजको संचालन गर्दै उच्च शैक्षिक गुणस्तर कायम राख्न प्रयत्नशील रहनु ।

(ख) कलेजका शैक्षिक विभागहरूको संरचना, नियन्त्रण, निर्देशन र समन्वय गर्नु ।

SAMRIDDHI COLLEGE [TU Affiliated]
Samriddhi
Estd. 2013 AD
Lokanthali-16, Bhaktapur

(ग) कलेजका शिक्षकको दरबन्दी खाली हुन आएमा बढीमा ६ महिनासम्म अस्थायी वा करार (Contract) मा शिक्षकहरूको नियुक्ति गर्नु र स्थायी पदपूर्तिको लागि संचालक समितिमा सिफारिस गर्नु ।

(घ) शिक्षकहरूको कार्यकुशलताको लेखाजोखा गरी पुरस्कार वा दण्डका लागि अध्यक्ष समक्ष सिफारिस गर्नु ।

(ङ) कलेजका विद्यार्थीहरूको आन्तरिक परीक्षा संचालन गर्नु गराउनु ।

(च) कलेजका विद्यार्थीहरूले कलेजद्वारा निर्धारित आचरण उल्लंघन गरेमा मात्रा हेरी अनुशासन समितिको राय बमोजिम दण्ड सजाय गर्न अध्यक्ष समक्ष सिफारिस गर्नु ।

(छ) विश्वविद्यालयसंग प्रत्यक्ष सम्बन्ध कायम गरी शैक्षिक कार्यहरूमा समन्वय ल्याउनु ।

(ज) पाठ्यक्रमका विषयमा छलफल गराई निर्धारित पाठ्यक्रम अनुसार स्तरयुक्त पढाई गराउनु ।

(ञ) कलेजको काम नलाग्ने वस्तु नष्ट गरी लिलाम आदि गर्नु ।

(ट) कलेजको उन्नतिको लागि आवश्यक सबै कार्य गर्नु ।

(ठ) भैपरी आउने अन्य सबै काम गर्नु ।

(ड) आवश्यक अनुसार प्रिन्सिपलको आफ्नो अधिकार प्रत्यायोजित गर्न सक्नेछन् ।

**६.७. देहायको अवस्थमा प्रिन्सीपलको पद रिक्त हुनेछ ।**

(क) निजको मृत्यु भएमा

(ख) संचालक समिति समक्ष निजले पेश गरेको राजिनामा स्वीकृत भएमा ।

(ग) पदावधि समाप्त भएमा ।

(घ) मानसिक असन्तुलन भएको भन्ने आधिकारीक रुपमा प्रमाणित भएमा ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अन्तिम रुपले कसुरदार ठहराई फैसला भएमा ।

(च) संचालक समितिका सम्पूर्ण सदस्य संख्याको बहुमतले हटाएमा ।

Naresh.

Naresh.

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

## परिच्छेद - ७

## शैक्षिक विभागहरू

७.१. कलेजमा देहाय बमोजिमका कलेज स्तरीय शैक्षिक विभागहरू हुनेछन् । यी विभागहरू आवश्यकता अनुसार क्रमशः खोलिने आवश्यकता भएमा थप विभागहरू पनि खोलिने छन् ।

(क) कम्प्युटर विभाग

(ख) व्यवस्थापन विभाग

(ग) विज्ञान तथा गणित विभाग

(घ) भाषा तथा संचार विभाग

**७.२. विभागीय प्रमुखको नियुक्ती**

दफा ६.१ म उल्लेखित विभागहरूमा रहने विभागीय प्रमुख संचालक समितिले नियुक्त गर्नेछन् । निजको कार्यावधि संचालक समितिले तोकेअनुसार हुनेछ ।

**७.३. शैक्षिक विभागहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आफ्नो विभागमा पढाई भएका आन्तरिक छलफल गर्ने ।

(ख) पढाईको गुणस्तर कायम गर्ने ।

(ग) अन्तर स्तरीय कलेजहरूको शैक्षिक स्तरसंग यस कलेजको पढाई मिलान गर्ने विषयमा छलफल गर्ने ।

(घ) पढाईको मासिक तालिम निर्माण गर्ने ।

(ङ) यूनिट परीक्षाहरू लिने र आन्तरिक परीक्षा लिन सिफारिस गर्ने ।

(च) शैक्षिक वर्षको तालिका अनुसार कोर्ष पुरा गर्न लगाउने ।

(छ) कलेज संचालन कार्यमा कलेजका प्रिन्सिपललाई सहयोग गर्ने ।

(ज) शैक्षिक वातावरण सुदृढ राख्न प्रयत्न गर्ने ।

**७.४. शैक्षिक विभागको बैठक बस्ने विधि देहाय बमोजिम हुनेछ ।**

(क) विभागको बैठक आवश्यकता अनुसार विभागिय प्रमुखले बोलाउनेछन् ।

(ख) विभागीय प्रमुखले बैठकको अध्यक्षता गर्नेछन् ।

(ग) बैठकबाट लिने निर्णय सर्व सम्मतिबाट हुनेछ ।

(घ) बैठकमा आवश्यक देखिएमा प्रिन्सिपललाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(ङ) विभागिय प्रमुखको बीच एक आपसमा छलफल हुनेछ ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

(च) विभागको निर्णय अभिलेख गरी त्यसको जानकारी प्रिन्सिपल समक्ष पेश गर्नुपर्नेछ ।

(छ) विभागीय प्रमुखको बैठकको निर्णयको प्रति प्रिन्सिपल समक्ष पेश गर्नु पर्नेछ ।

(ज) विभागीय प्रमुखले आ-आफ्नो विभागको प्रगति क्रियाशील रहनेछन् ।

(झ) प्रविधि हस्तान्तरण, शैक्षिक जनशक्ति विकास आदि विषयहरूमा समेत विभागहरू क्रियाशील रहनेछन् ।

(ञ) कलेजमा दिइने शिक्षा स्तरीय गराउनुको साथै आधुनीकिकरण गर्ने विषयमा विभागहरू क्रियाशील रहनेछन् ।

## परिच्छेद - ८
## छनौट समिति

८.१. कलेजमा आवश्यक पर्ने शिक्षक कर्मचारी भर्ना, स्थायी गर्न र स्थायी शिक्षक तथा कर्मचारीहरूको पदोन्नती गर्न समेत कलेजको संचालक समितिले एउटा स्वतन्त्र र निष्पक्ष छनौट समिति गठन गर्न सक्नेछ ।

**८.२. छनौट समितिको गठन देहाय सबमोजिम हुनेछ ।**

(क) कलेज संचालक समितिका अध्यक्ष छनौट समितिको अध्यक्ष हुनेछ ।

(ख) प्रिन्सिपल पदेन सदस्य सचिव हुनेछन् ।

(ग) कुन विषयको शिक्षक छनौट हुने हो सोही विषय समितिको अध्यक्ष वा सो विषयको विशेषज्ञ शिक्षक एक जना सदस्य हुनेछन् । प्रशासनिक कर्मचारीको हकमा कलेजका प्रशासक पदेन सदस्य हुनेछन् ।

(घ) अन्य ३ जनासम्म संचालक समितिले तोकेको व्यक्ति छनौट समितिका सदस्य रहनेछन् ।

**८.३. छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) कलेजलाई शिक्षक तथा कर्मचारी आवश्यक परेमा स्तर निर्धारण गरी सम्बन्धित विषयका शिक्षक तथा कर्मचारी खुल्ला प्रतिस्पर्धाको आधारमा माग गर्ने ।

(ख) यसरी माग गरेको शिक्षक तथा कर्मचारीहरूको लिखित परीक्षा अथवा अर्न्तवार्ता लिने र नियुक्तिको लागि सिफारिस गर्ने ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur

(ग) रिक्त पदमा बढुवाको लागि कलेजबाट माग भई आएमा सोको लागि विज्ञापन गर्ने, लिखित परीक्षा अथवा अर्न्तवार्ता गर्ने नियुक्तिको लागि सिफारिस गर्ने ।

### ८.४. छनौट समितिको पुर्नगठन

छनौट समितिको आवश्यकतानुसार आवधिक रुपमा पुर्नगठन गरिनेछ ।

### ८.५. पारिश्रमिक

कलेज बाहिरका छनौट समितिका सदस्यहरूले छनौट अथवा बढुवा सम्बन्धी कार्य गरे वापत संचालक समितिले तोकेको पारिश्रमिक पाउनेछन् । कलेजका शिक्षक तथा कर्मचारी सदस्यहरूले त्यस्तो कुनै पारिश्रमिक पाउने छैनन् ।

## परिच्छेद - ९

## सल्लाहकार समिति

### ९.१ सल्लाहकार समितिको गठन र पदावधि

(क) कलेजको संचालक समितिलाई आवश्यक सर सल्लाह एवं सुझाव प्रदान गर्न एक सल्लाहकार समिति रहनेछ ।

(ख) मूल स्थापना समितिका सदस्यहरू मध्ये संचालक समितिमा नरहेका सदस्यहरू स्वत: यस समितिका सदस्य हुनेछन् ।

(ग) संचालक समितिले आवश्यकता महसुस गरेमा अन्य व्यक्तिहरूलाई पनि यस समितिमा नियुक्त गर्न सक्नेछ ।

(घ) सल्लाहकार समितिका सदस्यहरूको पदावधि एवं पारिश्रमिक संचालक समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - १०

## कलेजको कोष, लेखा तथा लेखापरीक्षण

### १०.१. कलेजको कोष

(क) कलेजको एक छुट्टै कोष हुनेछ ।

(ख) उप-दफा (क) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

१) नेपाल सरकारबाट प्राप्त रकम

२) कलेजले सापटी लिएको रकम

३) कलेजको लागि दान, दातव्य र आर्थिक सहायता स्वरुप प्राप्त भएको रकम

४) शुल्क तथा अन्य श्रोतबाट प्राप्त रकम

(ग) कलेजको कोषको रकम तोकेको वित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(घ) कलेजको नगद तथा जिन्सी कोष र वित्तीय संस्थामा खाता संचालक समितिद्वारा तोकिए बमोजिम हुनेछ ।

(ङ) कलेजको सबै खर्च उप-दफा (ख) बमोजिमको कोषबाट गरिनेछ ।

**१०.२. लेखापरीक्षण**

कलेजको आय व्ययको लेखा स्पष्टसंग राखिनेछ । लेखापरीक्षण स्वीकृति प्राप्त लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन संचालक समितिको स्वीकृतिका लागि पेश गरिनेछ । लेखा परीक्षकको नियुक्ति र पारिश्रमिकको निर्धारण संचालक समितिले गर्नेछ ।

## परिच्छेद - ११

## आचारसंहिता तथा विधान संशोधन

११.१. कलेजले आफ्ना शिक्षक र कर्मचारीको आचारसंहिता, सेवाका शर्त एवं कर्तव्यहरूको निर्धारण र विद्यार्थीहरूको आचारसंहिता निर्धारण बारे छुट्टा छुट्टै व्यवस्था गर्न सकिनेछ ।

११.२. संचालक समितिका तत्काल बहाल रहेका सदस्यहरूको बहुमतले अनुमोदन गरेमा आवश्यकता अनुसार यो संशोधित विधान पुनः संशोधन गर्न सकिनेछ ।

११.३. यो संशोधित विधानको व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

११.४. यो संशोधित विधानको बाधा अड्चन फुकाउन आवश्यक निर्देशन जारी गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

११.५. कलेजको आर्थिक प्रशासन सम्बन्धी आवश्यक कार्यविधि संचालक समितिले तर्जुमा गर्नेछ ।

## परिच्छेद - १२

## कार्यविधि बनाउने अधिकार

१२.१ यस संशोधित विधानको अधीनमा रही संचालक समितिले आवश्यकतानुसार कार्यविधिहरू बनाउन सक्नेछ ।

SAMRIDDHI COLLEGE [TU Affiliated] Samriddhi Estd. 2013 AD Lokanthali-16, Bhaktapur